annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५० पृष्ठ ८ | काठमाडौं, शुक्रबार ११ असोज २०८१ | आश्विन कृष्णपक्ष दशमी नेपाल संवत् ११४४ | FRIDAY, SEPTEMBER 27, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# सम्भावनाको खानी कर्णाली, तर किन पछाडि ?



कर्णालीमा रारा, तिलिचो, शे-फोक्सुन्डो जस्ता ताल छन् । मानसरोवर कैलाशको मूलमार्ग यही छ । हिमाल, झरना, गुफा, गुम्बा, मठमन्दिर, भेषभूषा, चाडपर्व, घरेलु प्रविधि आदि सम्पदाका खानी छन् । बहुमूल्य जडीबुटीहरूको भण्डार छ । स्याउ खेती र रैथानी बालीको सुवर्ण भूमि हो । तर, यहाँको विकासमा न सरकारले इच्छाशक्ति देखायो, न त ठूला उद्योगी, व्यापारिक घराना र कम्पनी नै लगानी गर्न तयार भए । त्यसैले विकासका अथाह सम्भावना बोकेको कर्णाली लगानीको पर्खाइमा छ ।

## मुख्य कारण

- सरकार पायो, तर हस्तक्षेपकारी नेतृत्व पाएन
- भौगोलिक कठिनाइ, हुम्लामा गाडी नै पुगेन
- गौरवका आयोजना, निर्माणमा ढिलासुस्ती
- लगानीको भर्जिन क्षेत्र, तर आकर्षित गर्न सकेन
- २४ हजार मेगावाटको सम्भावना, लगानी जुटाउनै धौ-धौ
- जडीबुटी नै जडीबुटी, तर उद्योग भएनन्
- फल्छ स्याउ, बजारै पुऱ्याउन कठिन
- कृषिमा सम्भावना, तर नीति नै छैन
- पर्यटनको अथाह सम्भावना, तर प्रचार नै भएन
- धार्मिक पर्यटनको केन्द्र, तर बाटो नै छैन

समाचार पृष्ठ २

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

कालीकोटको सुन्दर पर्यटकीय क्षेत्र त्रिवेणी पाटनमा चरन चर्दै भेडाहरू । ● बिस्नप्रसाद न्यौपाने

## हिमालदेखि समुद्र रक्षाका लागि कार्ययोजना ल्याउन प्रधानमन्त्रीको आग्रह




### 'सगरमाथा संवादमा आउन विश्वका नेतालाई निमन्त्रणा'

**अनिल अधिकारी** | *अमेरिका*

प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापी कार्बन उत्सर्जनका कारण नेपालका हिमालहरू पग्लिएको बताएका छन्। संयुक्त राष्ट्रसंघको ७९औं महासभाअन्तर्गत उच्चस्तरीय प्लेनरी बैठकमा 'समुद्री सतह वृद्धिका कारण उत्पन्न चुनौती' विषयमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले हिमालदेखि समुद्रसम्मको एकीकृत जलवायु अनुकूलन कार्ययोजना अपरिहार्य रहेको बताए। समुद्री सतह वृद्धिका कारणबारे उल्लेख गर्दै उनले एसियाका दुईतिहाइ हिमालहरू पग्लिएसँगै कम्तीमा १० वटा नदी प्रणाली सुक्खा हुन पुगेको बताए। प्रधानमन्त्री ओलीले हिमालदेखि समुद्रसम्म रक्षाका लागि एकीकृत अनुकूलन कार्ययोजना ल्याउन विश्व समुदायलाई आग्रह गरेका छन्।

» बाँकी पृष्ठ ६

